**११ औं गाउँ सभाका प्रमूख अतिथी, विशेष अतिथी, अतिथी तथा गरिमामय गाउँसभाका उपस्थित सम्पूर्ण सदस्य ज्यूहरू**

खत्याड गाउँपालिकाको गरिमामय ११ औं गाउँ सभामा आ.व. २०७९/०८० को यर्याथ मार्गचित्र सहितको नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्न पाउँदा मलाई गौरव महशुस भएको छ ।

खत्याड गाउँपालिका भौगोलिक तथा प्राकृतिक रुपमा २९ डिग्री २६ मिनेट १५ सेकेण्ड देखी २९ डिग्री ३७ मिनेट २० सेकेण्ड उत्तरी अक्षांश र ८१ डिग्री ४५ मिनेट ५५ सेकेण्ड देखी ८२ डिग्री २ मिनेट ४५ सेकेण्ड पुर्वी देशान्तरमा अवस्थीत यस खत्याड गाउँपालिका १२०१ देखी ६७१७ मिटर उचाईमा रहेको यस गाउँपालिकाको पुर्व तर्फ छायाँनाथ रारा नगरपालिका, पश्चिममा वाजुराको हिमाली गाउँपालिका, उत्तरमा सोरुकोट गाउँपालिका र दक्षिण तर्फ कालिकोट र जुम्ला जिल्ला रहेको सर्वविधितै छ ।

केन्द्रिकृत एकात्मक शासन प्रणालीबाट मुक्त हुन हजारौं नेपाली वीर सहीदहरूको वलिदान स्वरुप मुलुकमा संघीय लोकतान्त्रीक गणतन्त्रात्मक राज्यको स्थापना भई देशले संघ, प्रदेश र स्थानीय तहको संरचना सँगै गणतन्त्रात्मक शासन व्यवस्थाको अवसर प्राप्त भयो । यो सम्पूर्ण अवसर प्राप्त गर्न विभिन्न कालखण्डमा भएका दशवर्षे महान जनयुद्ध, १९ दिने जनआन्दोलन र राजनैतिक क्रान्ति एवं संघर्षलाई स्मरण गर्न चाहान्छु । जन अधिकार र राजनैतिक परिर्वतनका लागि आफ्नो अमुल्य जीवन वलिदान गर्ने महान सहिदहरू प्रति उच्च सम्मान तथा हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । घाईते तथा वेपत्ता योद्धा प्रति उच्च सम्मान र परिवारजन प्रति सहानुभुति प्रकट गर्दछु । साथै म लगाएत खत्याड गाउँपालिकाको गाउँ सभाका सदस्यहरूलाई आफ्नो अमुल्य मतदान गरी नव निर्वाचित गाउँपालिका पदाधिकारीहरूलाई स्थानीय तहको जिम्मेवारी दिनु भएकोमा आदरणीय खत्याड बासी मतदाताहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । जनताबाट अनुमोदित यो जिम्मेवारीलाई निष्ठापूर्वक वहन गर्ने प्रतिवद्धता जनाउँदै यस गरिमामय सभा समक्ष प्रस्तुत गर्दछु ।

कर्णाली प्रदेश सांस्कृतिक तथा प्राकृतिक सम्पदाको दृष्टिकोणले सम्पन्न भएपनि राजनैतिक, आर्थिक तथा सामाजिक रुपमा पछाडी रहँदा मुगु जिल्ला मानव विकास सुचकाङ्को क्रममा नेपालकै अन्तिम स्थानमा रहेको छ भने मुगु जिल्लाको तुलनामा खत्याड गाउँपालिका आर्थिक सम्बृद्धिको दृष्टिकोणले दोश्रो स्थानमा रहेको छ ।

नेपाल सरकारबाट प्रतिवद्धता गरिएका सन् २०१६ देखि २०३० सम्मको दीगो विकासका लक्ष्यहरू प्राप्त गर्न स्थानीय तहको क्षमता र श्रोतको आधारमा खत्याड गाउँपालिकाले आफ्ना लक्ष्यहरू तय गरेको छ । पालिकाको समग्र विकास गर्नको लागि विगतमा भएका विसंगतिलाई सुधार गर्दै स्थानीय तहको आवश्यकता र औचित्यताको आधारमा व्यक्तिवाद विकास भन्दा समुदायको विकासमा जोड दिने तरिकाले नीति तथा कार्यक्रमहरू तय गरिएको छ र समृद्ध खत्याड निर्माणका लागि गुरुयोजना (Master Plan) तयार गरिने छ । स्थानीय तह, प्रदेश तथा संघीय सरकारसँगको समन्वय र सहअस्तित्वको सिद्धान्तमा रही सम्पूर्ण राजनैतिक दल, नागरिक समाज, संघ संस्था, नीजि क्षेत्रको सहयोगमा नीति तथा कार्यक्रम सफल हुने अपेक्षा लिएकोछ । खत्याड गाउँपालिकाको समष्टीगत विकासको लागि विषयगत क्षेत्रको आवश्यकताको आधारमा स्थानीय जनशक्तिको क्षमता विकास गरी स्थानीय स्तरबाट रोजगारीका अवसरहरू सृजना गरी सो का लागि यस आर्थिक वर्षमा तपशील बमोजिमका नीति तथा कार्यक्रमहरू अवलम्वन गरिनेछ ।

**क) सडक पूर्वाधार**

**"गुणस्तरयुक्त वातावरण मैत्री पुर्वाधार, दिगो विकासको आधार"** भन्ने मुल नारा सहित खत्याड क्षेत्र भित्रका मुख्य सडक मार्गहरूलाई बाह्रै महिनामा संचालनमा आउने गरी सुरक्षित सडक व्यवस्थापन तथा नियमित संचालन गर्न हाम्रा सन्ततिहरूको वातावरणीय श्रोतमा क्षय नहुने गरी सडक पुर्वाधार निर्माण गर्ने नेपाल सरकारको मापदण्डको दायरा पालन गर्दै दीगो तथा आवश्यकतामा आधारित सडकहरू निर्माण गर्ने नीति रहको छ । सडक निर्माणको समयमा वातावरणीय प्रभाव मुल्याङ्कन तथा प्रारम्भिक लेखाजोखा गर्ने व्यवस्था अनिवार्य गरिने छ ।

१. खत्याड गाउँपालिकाको एकीकृत सडक सञ्जाल गुरु योजना तयार गरी आवश्यकताको आधारमा प्राकृतिक एवम् वातावरणीय क्षति नहुने गरी श्रोतको अधिकतम प्रयोग गर्ने नीति लिइने छ ।
२. खप्तड रारा करिडोर अन्तर्गत भुगला देखि मसानसम्मको सडकलाई स्तर उन्नति गरी बाह्रै महिना संचालनमा ल्याइने छ ।
३. खत्याड गा. पा. भित्र ११ ओटै वडाहरूमा चक्रपथ निर्माणको नीति लिइने छ ।
४. चिमाडुङ्ग्री-रोल-सैन हुँदै घ्रैन जोड्ने सडक निर्माण गर्ने नीति लिइने छ ।
५. पाँचे देखि गम्था, नखर्जी हुँदै रातापानी सम्मको सडकलाई स्तरोन्नती गरिने छ ।
६. रिगा देखि ल्याङ्लु डुमानासम्म जोड्ने सडकको कामलाई निरन्तरता दिईनेछ ।
७. गोठीखोला देखि जिउँका सम्मको निर्माणाधिन सडक निर्माण कार्यलाई पुरा गरिने छ ।
८. निर्माणाधिन अवस्थामा रहेको रामतडी बजार देखि बसपार्क सम्म जोड्ने सडक निर्माण गरिने छ ।
९. पालिका क्षेत्र भित्र संचालनमा रहेका सडकहरूलाई मर्मत/सम्भार को लागि "आपतकालीन पूर्वाधार सहयोग इकाई"गठन गरिनेछ ।
१०. सेरी, नारङ्गे र गिलाहा सडक खण्ड लाई ३ वर्ष भित्र सम्पन्न गर्ने लक्ष्य लिइने छ ।
११. ग्रामिण कृषि सडक बाहेक अन्य सडक योजनाहरू राष्ट्रिय सडक कार्यक्रम अन्तर्गत समावेश गर्ने तर्फ प्रयास रहनेछ । एकीकृत सडक सञ्जाल गुरु योजना अनुसार सबै सडकहरू निर्माण भई संचालनमा ल्याउने नीति बनाईएको छ ।

१२. भुगला देखि रारासम्मको सडकलाई मुख्य पर्यटकीय मार्गको रुपमा विस्तार गरी गमगढी सम्मको सडक संजालमा जोड्ने व्यवस्था मिलाइने छ ।

१३. सेरी, जिउँका, छाया, गोठीलेख र डुमाना सडक खण्डलाई ५ वर्ष भित्र पूरा गरिने छ ।
१४. अन्तर पालिका जोड्ने सडक निर्माण तथा मर्मत सम्भार कार्यलाई निरन्तरता दिइने छ ।
१५. रिगा, सेवालीबगर, डाडीयाँ,हुदै बिरा बगर सम्म कृषि ग्रामिण सडक निर्माण गर्ने निति लिईनेछ ।

**ख) पुल निर्माण**

वर्षाको समयमा खत्याड खोला र यसका आसपासबाट बग्ने खोलाहरूको कारणले पूर्ण रुपमा यातायातको आवागमनमा बाधा हुने समस्यालाई न्यूनीकरण गर्न तपशीलका नीति तथा कार्यक्रमहरू तय गरिएको छ ।

१. झुगला देखि रारासम्म जोड्ने सडक खण्डमा कम्तिमा चारवटा वेलीब्रिज निर्माण गरिने छ।
२. पाँचे देखि गम्था, नखर्जी हुदै रातापानी सम्मको सडक खण्डमा कम्तिमा दुईवटा वेलीब्रिज निर्माण गर्ने व्यवस्था मिलाईने छ।
३. रामतडी बजार देखि बसपार्क सम्म जोड्ने पक्की पुलको सर्वेक्षण कार्य भईरहेको हुँदा उक्त पुलको निर्माण कार्यलाई निरन्तता दिईने छ।
४. कर्णाली नदीमा निर्माणाधिन अवस्थमा रहेको वेलीब्रिज एक वर्षभित्र निर्माण गरी सञ्चालनमा ल्याउन सम्बन्धित निकायसँग पहल गरिने छ।
५. पालिका भित्र रहेका नदी खोलाहरूको सम्भाव्यता अध्ययन गरी झोलुङ्गे पुल/ट्रस ब्रिज निर्माण गरी जनताको आवागमनलाई सहज गरिने छ।
६. झुगला देखि रारासम्म, गोठीज्यूला देखि गम्था, नखर्जी हुँदै रातापानी र रामतडी बजार देखि बसपार्कसम्म जोड्ने पक्की पुल लगाएत मुख्य सडक खण्डका सबै स्थानहरूमा कलमोडहरू निर्माण गरी नियमित आवागमनको व्यवस्था सुनिश्चित गरिने छ।

**ग) सिंचाई**

यस पालिका भित्र खेतियोग्य जमिनलाई सिञ्चित गरी कृषि उत्पादनमा गुणात्मक रूपमा बृद्धि गर्न भौगोलिक विशिष्टीकरण गर्दै पकेट क्षेत्र निर्धारण गरिने छ। वडा योजना तर्जुमा प्रकृयाबाट माग भई आएका ठूला सिंचाई योजनाहरूलाई मात्र गाउँपालिकाको मातहतमा राखी विशेष प्राथमिकताका आधारमा निर्माण गरिने छ। तल उल्लेखित सिंचाई योजनाहरूलाई विशेष प्राथमिकतामा राखी अन्य सिंचाई योजनाहरू मागको आधारमा प्राथमिकता निर्धारण गरी कार्यन्वयन गर्ने नीति बनाईएको छ।

१. नाइड देखि खेतीसम्मको सिँचाई कुलो .
२. पुरानाबास देखि लुई ठामलेख सम्म बृहत सिँचाइ कुलो
३. विर्खुखोला देखि नखर्जी जिउला सम्म सिँचाइ कुलो
४. गुगी खिराचौर सिँचाई योजना

**घ) नदी नियन्त्रण तथा तटबन्धन**

खत्याड खोलालाई बायोइन्जिनियरीङ्ग अवधारणा अनुरुप खत्याड खोलाको दुबैतर्फ आवश्यक स्थानहरूमा तटबन्धन तथा वृक्षारोपण गरी हरियाली खत्याड खोलाको अवधारणा अगाडी सारिनेछ। "खत्याड खोला तटबन्धन बृहत आयोजना" सञ्चालनका लागि प्रदेश र संघीय सरकार सँग समन्वय गरिने छ।

१. पालिका भित्र रहेका पहिरोको जोखिम स्थानहरूको संरक्षण गर्न पहिरो नियन्त्रण तथा रोगथामका लागि सम्भावित विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन तयार गरी आवश्यक बजेटको व्यवस्था मिलाइने छ।

**ङ) पर्यटन विकास**

खत्याड गाउँपालिकाको मौलिक कला,संस्कृति पहिचान र प्राकृतिक दृश्य अवलोकनको रुपमा रहेको रारा तालको मुख्य पदमार्ग भएकोले पर्यटनको विकास मार्फत रोजगार र खत्याडको समृद्धिको योजना बनाईने छ।

१. रारालाई प्रमुख पर्यटकीय स्थलको रुपमा लिई झुगला रारा सडक आसपासका क्षेत्रहरूमा होमस्टे को अवधारणामा पर्यटन प्रवर्द्धन गरी आर्थिक रोजगारका अवसरहरू सिर्जना गरिने छ। यस क्षेत्रमा काम गर्ने निजी क्षेत्रहरूलाई विशेष अनुदानको व्यवस्था गरिने छ।
२. खेतीमाई, हेर्नेमाई क्षेत्रलाई आन्तरिक पर्यटकीय क्षेत्रको रुपमा विकास गरिने छ।
३. खेस्ममालिकाको पर्यटन मार्ग निर्माण गरी पर्यटन क्षेत्र विकास गरिने छ।
४. ग्रामिण पर्यटन, पदमार्ग, धार्मिक/सांस्कृतिक पर्यटन, हिमालयन वा रारा दृश्यावलोकन पर्यटन आदि पर्यटकनको रुपमा विकास गरी स्वदेशी तथा विदेशी पर्यटकहरूलाई आर्कषित गर्ने मूल प्रवेश द्वार झुगला र खमालेमा स्थानीय सँस्कृति झल्काउने प्रवेशद्वार र रातापानी, माझचौर र बाउँपानीमा पर्यटन विश्राम पार्क/शौचालय आदि निर्माण गरिने छ।
५. खत्याड गा.पा. क्षेत्रभित्र स्थानीय देउडा गीत, कला कृति र सँस्कृतिलाई विशेष जोड दिइने छ।
६. खत्याड गा.पा. क्षेत्रभित्रका महत्वपूर्ण मठ मन्दिर निर्माण तथा मर्मत सम्भारको नीति लिइने छ।

**च) विद्युतीकरण तथा सञ्चार विकास**

१. हाल सञ्चालमा रहेका लघु जलविद्युतको मर्मत सम्भार गरी नियमित सञ्चालनमा ल्याईने छ।
२. यस गा. पा. भित्रका सबै गाउँ बस्तिहरूमा विद्युतीय सेवा उपलब्ध गराउन ३३ के. भी. राष्ट्रिय विद्युत सञ्जाल जोड्न नेपाल सरकारसँग पहल गरिने छ। सोही प्रशारण लाइनको सवस्टेशन वडा नं ४ को चिमाडुंग्री घोडासैन क्षेत्रमा राखिने छ।
३. हाल निमार्णाधिन अवस्थमा रहेको सेरा विरा साना जलविद्युत आयोजनालाई आगामी १ वर्ष भित्रमा सम्पन्न गरी विगतमा छुटेका वडा नं. ६ र ७ लाई समावेश गरी जनताहरूलाई विद्युतीय सेवा उपलब्ध गराईने छ।
४. टेलिफोन तथा इन्टरनेट सेवालाई प्रभावकारी बनाउन नेपाल टेलिकम तथा अन्य सञ्चार सेवा प्रदायकसँग समन्वय गरी टेलीफोन तथा इन्टरनेट सेवामा सुधार ल्याइने छ।

**छ) स्वास्थ्य सेवा**

१. प्राथमिक स्वास्थ्य केन्द्र कोटडाँडा रातापानीबाट प्रवाह गरिने सेवाहरूलाई दुरुस्त राख्न थप विशेषज्ञ डाक्टरहरूको व्यवस्था गरिने छ, रात्रिकालीन सेवाका लागि स्वास्थ्यकर्मीहरुलाई अतिरिक्त समयको सेवा सुविधाको व्यवस्था तथा प्रसुती सेवा, जनरल सेवा, आपतकालिन सेवा लगायत आवश्यक उपकरण सहितको स्वास्थ्य सेवा प्रदान गर्ने व्यवस्था गरिने छ।
२. यस पालिकाका जनताहरूको स्वास्थ्यलाई ध्यानमा राखी गोठीखोलाको इजरकाटियामा १५ शैया अस्पतालको निर्माण कार्यलाई पुरा गरी स्वास्थ्य सेवा सञ्चालनमा ल्याईने छ।
३. विद्यालयका छात्राहरूलाई महिनावारी स्वच्छताका कारण हुने समस्यालाई न्यूनीकरण गर्नको लागि सेनेटरी प्याड वितरणको व्यवस्था गरिने छ।
४. वर्थिङ केन्द्रको लागि आवश्यक पर्ने आकस्मिक औषधीको व्यवस्थापन गरिने छ।
५. नेपाल सरकारको स्वास्थ्य विमा कार्यक्रमलाई व्यवस्थित गरिने छ।
६. महिला प्रसुती सेवालाई प्रभावकारी बनाउन प्रदेश सरकारको सहयोग स्थानीय स्वास्थ्य केन्द्रहरूको स्तरोन्नती तथा आर्क
१. नेपाल सरकारबाट प्रदान गरीरहेको सामाजिक सुरक्षाका कार्यक्रम (जेष्ठ नागरिक भत्ता, बालबालिका भत्ता, असहाय/अशक्त भत्ता, एकल महिला भत्ता आदि सेवाहरू बैङ्क मार्फत छिटो वितरणका लागि पहल गरिने छ।
२. प्रदेश सरकारको महिला प्रसुती सेवा निकायसँग समन्वय गरी गाउँपालिका स्तरमा आकस्मिक प्रसुती सेवा कोष स्थपना गरिने छ।
स्मक हेलिकप्टर सेवालाई निरन्तता दिइनेछ।

७. प्राथमिक स्वास्थ्य केन्द्रमा प्रदेश तथा स्थानीय सरकारको साझेदारीमा एम्बुलेन्स सेवालाई नियमित गराईने छ। एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि तयार भए पश्चात मात्र यो सेवा सञ्चालनमा ल्याइने छ।

८. ओम रारा अस्पतालको स्तरोन्नती गरी सञ्चालनमा ल्याउन पहल गरिने छ।

९. नेपाल नेत्रज्योती संघ जिल्ला शाखा मुगुको समन्वयबाट खत्याड गा.पा. भित्र आँखा उपचार केन्द्र स्थापना गर्न पहल गरिने छ।

**ज) सामाजिक सुरक्षा सेवा**

३. गरीब, तथा बिपन्न वर्ग पहिचान गरी परिचयपत्र प्रदान गरिने छ।

४. गाउँपालिका स्तरमा सामाजिक सुरक्षा तथा न्यायिक घटनाहरूको तथ्याङ्क व्यवस्थापनको लागि सफ्टवेयर स्थापना गरिने छ।

५. जेष्ठ नागरिकलाई न्यानो कपडा कार्यक्रम सञ्चालन गरिने छ।

६. समाज रुपान्तरणको लागि जनयुद्ध/जनआन्दोलन लगाएतका परिवर्तनकारी आन्दोलनमा भएका शहीद परिवार/घाईते अपाङ्ग/वेपत्ता घर परिवारलाई आर्थिक सहयोग प्रदान गरिने छ।

७. अध्यक्षसँग जनता कार्यक्रम सञ्चालन गरिने छ।

८. राष्ट्रिय बाणिज्य बैंकको शाखा कार्यालय स्थापनाको लागि पहल गरिने छ।

९. गाउँपालिका भित्र रहेका घाईते, अपाङ्ग, दलित, महिला, जेष्ठ नागरिक र बालबालिकाहरूको क्षमता अभिवृद्धि तथा अधिकार सुनिश्चितताको लागि आवश्यक संयन्त्र निर्माण गरिने छ।

१०. गैर सरकारी सँस्था र सहकारी परिचालनको लागि नयाँ संयन्त्र निर्माण गरिने छ।

**झ) शिक्षा तथा खेलकुद**

**"गुणस्तरीय तथा प्राविधिक शिक्षामा सुधार, सामुदायिक विद्यालयहरूमा प्रशिक्षण प्रविधिमा विस्तार"** को मूल मर्म अनुसार तपशील बमोजिमका शिक्षा तथा खेलकुद नीति अवलम्वन गरिने छ।

१. आधारभूत तहको स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक तयार गरी कार्यान्वयन हुने व्यवस्था मिलाईने छ।

२. सामुदायिक विद्यालयमा सम्वन्धित तहको योग्यता पुगेका शिक्षकहरूबाट नै प्र.अ. व्यवस्था गरिने छ।

३. विद्यार्थी संख्या तथा विषयगत आधारमा सामुदायिक विद्यालयमा दरबन्दी मिलानको व्यवस्था गरिने छ।

४. नीजि विद्यालयहरूको व्यवस्थापन तथा सञ्चालन नीति तयार गरिने छ।

५. यस गा. पा. भित्र रहेका माध्यमिक विद्यालयहरूमा विज्ञान तथा गणित विषयका शिक्षक नियुक्तिका लागि गाउँपालिकाको कार्यविधि बनाइ शिक्षक व्यवस्थापन गर्ने नीति लिइने छ।

६. सामुदायिक विद्यालयमा कार्यतर शिक्षक तथा कर्मचारीहरूको लागि क्षमता विकास सम्वन्धि तालिमहरू संचालन गरिने छ।

७. सामुदायिक विद्यालयमा अध्ययन गरेका एम.बी बी एस., इन्जिनियरिङ्ग तर्फ स्नातक अध्ययन गर्न दलित वा गरीब जेहन्दार विद्यार्थी अध्ययनका लागि प्रवेश परीक्षाबाट उत्तीर्ण भएका मध्येबाट कम्तिमा चारजना विद्यार्थीहरूलाई छात्रवृत्तिको व्यवस्था प्रदान गरिने छ र अध्ययन पूरा भईसकेपछि सम्वन्धित गाउँपालिकामा कम्तीमा ३ वर्ष सेवा गर्नु पर्ने नीति लिइने छ।

८. चतुर्देव हिरा सुरेन्द्र पूर्ण क्याम्पस व्यवस्थापन को लागि अनुदानको व्यवस्था गरिने छ।

९. यस गाउँपालिका भित्र वहु प्राविधिक शिक्षालय स्थापनाको लागि आवश्यक पहल गरिने छ।

१०. यस पालिकाको शैक्षिक गुणस्तर अभिवृद्धि, अनुगमन, मूल्याङ्कन र क्षमता वृद्धिका लागि शैक्षिक कार्ययोजना निमार्ण गर्न तथा लागु गर्न गाउँ शिक्षा समितिलाई उत्तरदायी बनाईने छ।

११. नमुना विद्यालयको अवधारणा अनुसार माध्यमिक विद्यालयहरूको भौतिक पूर्वाधार निर्माण र शैक्षिक व्यवस्थापन अभिवृद्धिमा जोड दिईने छ।

१२. गरीब, जेहन्दार विद्यार्थीहरूको हीतका लागि खत्याड गाउँपालिकामा एउटा आवासीय विद्यालय स्थापना गर्न पहल गरिने छ।

१३. विद्यालयको खानेपानी, सरसफाई तथा स्वच्छतालाई व्यवस्थित गर्न विद्यालयमा 7 FATS अवधारणा अगाडि सारिने छ।

१४. खेलकुद विकासका लागी यस पालिकाको पायक पर्ने स्थानमा कवर्ड हल निर्माणको लागि पहल गरिने छ।

१५. विद्यालय भवनहरू भवन आचार संहिताको मापदण्ड बमोजिम बनाउने नीतिलाई कडाइका साथ पालना गरिने छ।

१६. सामुदायिक विद्यालयमा कार्यरत विद्यालय कर्मचारीहरुको सेवा सुविधाको लागी कार्यविधि वनाई व्यवस्थापन गरिने छ।

१७. साक्षर पालिका घोषणा गर्ने लक्ष्य लिईने छ।

**ञ) कृषि तथा पशुपालन**

१. कृषि उपज वस्तुहरुको भण्डारणका लागि सितभण्डार, संकलन तथा प्रशोधन केन्द्र निर्माण र कृषि हाडवजारको व्यवस्था गरिने छ।

२. व्यवसायिक किसानहरूलाई प्रोत्साहन गर्नका लागि " अध्यक्ष कृषि रोजगार कार्यक्रम " लागु गरिने छ।

३. रैथाने बालीहरूको संरक्षण तथा बजारीकण गरिने छ।

४. व्यावसायीक रुपमा पशुपालन तथा फलफुल व्यवसाय गर्ने कृषक तथा कृषि सहकारी लाई ऋणको ब्याज अनुदान व्यवस्था गरिनेछ।

५. व्यवसायिक किसानलाई प्रोत्साहन गर्न "अध्यक्ष कृषि व्यवसाय प्रोत्साहन कार्यक्रम" सञ्चालन गरिने छ।

६. कृषि क्षेत्रमा आत्मनिर्भर हुने किसान लाई किसान परिचय पत्र वितरण संघीय सरकारको नीति तथा कार्यक्रम अनुसार **"किसान पेन्सन कार्यक्रम"** लागु गरी सम्मान गरिने छ।

७. स्तथानीय स्रोत साधन/कच्चापदार्थ लाई उपयोग गरी आर्थिक वृद्धि हाँसिल गर्ने र बेरोजगार जनशक्तिलाई रोजगार प्रदान गर्न गर्न उद्योग शाखा स्थापना गरिने छ।

**ट) महिला बालबालिका तथा अपाङ्ग**

सामाजिक न्यायको दृष्टिकोणले समाजमा रहेका महिलाहरू कामको हिसाबले शोषणमा परेको देखिन्छ, धेरै कामकाजमा रहेको पाइन्छ तर अधिकार र निर्णाय प्रकृयाको दृष्टिकोणले पछाडी पारिएको देखिन्छ त्यसकारण महिला, बालबालिका तथा अपाङ्गहलाई ध्यानमा राखी तपशीलका नीतिहरू तय गरिएको छ।

१. गाउँपालिकाको न्यायिक समिति अन्तर्गत महिलाहरूका गुनासो सुन्नको लागि महिला गुनासो डेस्क स्थापना गरिने छ जो न्यायिक समिमितको मातहतमा रहने छ।

२. बालबालिकाहरूको दिवाखाजा व्यवस्थालाई गुणस्तरयुक्त बनाईने छ। विद्यालयमा बालमैत्री, **अपाङ्गमैत्रि** वातावरण तथा भवन आचारसंहितालाई पूर्ण पालना गर्न लगाईने छ।

३. प्रत्येक विद्यालयमा महिनावारी स्वच्छता कक्ष स्थापना गर्ने नीति लिइने छ।

४. खत्याड गाउँपालिका तथा यस अन्तर्गत काम गर्ने सरकारी तथा गैर सरकारी निकायमा महिलाहरूको रोजगारी सुनिश्चितता गरिने छ।

५. सहभागीतात्मक सिद्धान्तका आधारमा योजनाहरूको उपभोक्ता समितिको पदाधिकारीमा महिलाहरूको सहभागीता अनिवार्य गरिने छ।

६. महिला शसक्तीकरणका लागि महिलासँग उपाध्यक्ष **रोजगार** कार्यक्रम लागु गरिने छ।

७. एकल तथा दलित महिलाहरूलाई आत्मनिर्भर बनाउन सीपमूलक कार्यक्रम संचालन गरिने छ।

**८. पहुचयुक्तता आधारमा अपाङ्ग सहायता कक्ष स्थापना गरिने**

**ठ) खानेपानी, सरसफाइ तथा स्वच्छता**

१. सरकारी तथा गैर सरकारी निकायबाट बनेको खानेपानी आयोजनाहरूको दीगोपनामा समस्या देखिएको हुँदा पुराना आयोजनाहरूको मर्मत संम्भार कार्यविधि योजना बनाई कम लागतमा अधीक प्रतिफल आउने योजनाहरूमा जोड दिईने छ।

२. एक घर एक धारा अभियानलाई निरन्तता दिईने छ

३. खुल्ला दिसा मुक्त अभियानलाई पूर्णता दिन पूर्ण सरसफाई अभियानलाई निरन्तता दिईने छ।

**ड) बस्ती विकास**

१. खत्याड गाउँपालिका भित्र जोखिममा रहेका बस्तीहरूको अध्ययन गरी नेपाल सरकारको कानुन बमोजिम बस्ती स्थान्तरण गरिने छ। खत्याड गाउँपालिकाको कुनै दुई स्थानलाई बस्ती विकास योजनाको अवधारणा अनुरुप बस्ती विकास योजना तयार गरी कार्यान्वयमा ल्याइने छ।

२. सरकारको खरको छानामुक्त कार्यक्रमलाई निरन्तता दिईनेछ।

**ढ) यातायात**

१. खत्याड गाउँपालिकाको तलिबगरमा प्रस्तावित बसपार्कको निर्माण कार्य सम्पन्न गरिने छ।

२. अव्यवस्थित तथा बीना इजाजत संचालनमा रहेको सवारी साधनहरूको नियमन तथा नियमित संचालनका लागि कानुनी दायरामा ल्याई यातायात व्यवसायलाई सुनिश्चित गरिने छ।

**ण) सेवा प्रवाह, सुशासन तथा संस्थागत विकास**

२. सर्वप्रथम गाउँपालिको आफ्नो जग्गामा कार्यालय भवन निर्माण गरी कार्यालयबाट प्रवाह गरिने सेवाहरू छिटो छरितो गरिने छ।

३. गाउँपालिकालाई भ्रष्टाचारमुक्त गाउँपालिकाको रुपमा स्थापना गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को परीधि भित्र रही आवश्यकता अनुसारका निर्देशिकाहरू तयार गरी कार्यान्वयनमा ल्याईने छ।

४. गाउँपालिका वा वडा कार्यालयबाट संचालन गरिएका योजना तथा कार्यक्रमहरूको सार्वजनिक सुनुवाईका माध्यमबाट पारदर्शिता कायम गर्ने व्यवस्था मिलाईने छ।

५. राष्ट्रिय सूचना आयोग अन्तर्गत सूचनाको हक अधिकारलाई सुनिश्चित गर्न क्षमता विकासका कार्यक्रमहरू संचालन गरिने छ।

६. अनुगमन तथा सुपरीवेक्षण व्यवस्थालाई चलायमान गराईने छ। अनुगमन समितिको प्रतिवेदनको आधारमा भुक्तानी, प्रोत्साहन र कारवाहिको व्यवस्था गरिने छ।

७. सूचनाको हक बमोजिम सबैको पहुँचका लागि गाउँपालिकाबाट भएका प्रगती तथा ऐन नियमहरू कार्यालयको वेवसाईटमा राखिने व्यवस्था मिलाईने छ।

८.कानुनि परामर्शको लागी न्यायीक सल्लाहकार को व्याबस्थापन गरि न्याय दिने निति लिईने छ।

९. प्रत्येक वडा कार्यालय र गाउँपालिकाको कार्यालयमा नागरिक बडापत्र राख्ने व्यवस्था मिलाईने छ।

**त) वन तथा वातावरण**

१. प्रदुषण नियन्त्रण, हरियाली प्रवर्द्धनका लागी सामूदायिक वनहरूमा बृक्षरोपण तथा स्वच्छ वातावरण अभियान संचालन गरिने छ।

२. खत्याड गा.पा. भित्र रहेका सामुदायिक वनहरूको संरक्षण तथा प्रवर्द्धन गर्न प्रोत्साहन गरिने छ।

३. जडीबुटी खेतीमा सहभागी कृषकहरूलाई प्रोत्साहन गरिने छ।

४. वन तथा वातावरण संरक्षण र सम्वर्द्धनका लागि आवश्यक उपयुक्त नीति लिइने छ।

५. काष्ठ, गैर काष्ठ वा जडिबुटी प्रशोधन उद्योग स्थापना गर्न पहल गरिने छ।

६. वनपैदावार र जडीबुटी सङ्कलन गर्ने प्रक्रियालाई व्यवस्थित गर्ने नीति लिइने छ।

सभाका सदस्य ज्यूहरु

अन्तमा...

देश र जनताको जीवन स्तर परिवर्तनका लागी जनयुद्ध र जनआन्दोलन तथा सर्वहारा नेपाली जनताहरुको संर्ष त्याग तपस्या र बलिदान बाट स्थापित गरेको संघिय लोकतान्त्रीक गणतन्त्रात्मक राज्य व्यवस्था हो। संघियताको मुल मर्म अनुसार जनताद्धारा अनुमोदित जनप्रतिनिधीहरुले जनाताको हित अनुकुल नीति तथा कार्यक्रम तयार गर्ने र कर्मचारी वर्गले सोको प्रभावकारी कार्यन्वयन गर्नुपर्ने स्थानिय सरकारले गरेका कार्यको सरोकारवाल, आम जनसमुदाय, संचार जगतले रचनात्मक खवरदारी गर्ने , खत्याड गाउँपालिकाका जनताहरुको विकास र समृद्धिका लागी तय भएको नीति तथा कार्यक्रम निमार्ण गर्ने सन्दर्भमा सल्लाह रचनात्मक सुझाव, मार्गदर्शन र सहयोग गर्नुहुने गाउँपालिकाका उपाध्यक्ष, वडा अध्यक्ष, सदस्यह्रु, राजनीतिक दल, समाजसेवी, सरकारी तथा गैर सरकारी निकायका प्रमुख एवं प्रतिनिधि, शिक्षक तथा बुद्धिजीवि, संचारकर्मी र सुरक्षाकर्मी महानुभाव लगायत कर्मचारी मित्रहरुलाई यस अवसरमा अत्यन्तै हार्दिकता पुर्वक धन्यवाद व्यक्त गर्न चाहन्छु। भविश्यमा पनि यस्तै प्रकारको सहयोगको अपेक्षा गर्दै सम्मानित सभा समक्ष आभार प्रकट गर्दछु। प्रस्तुत नीति तथा कार्यक्रमको सफल तथा प्रभावकारी कार्यन्वयनमा सहयोगको अपेक्षा गर्दछु।

धन्यबाद